अपाङ्गता समावेशी कोभिड-१९ प्रतिकार्यका लागि राज्य तथा सामाजिक सङ्घसंस्थाको दायित्व



जोखिममा रहेका अपाङ्गता भएका व्यक्तिहरूको लगत सङ्कलन गरी अत्यावश्यक सेवा सहज रूपमा उपलब्ध गराऔँ ।

राहत प्याकेज तयार गर्दा अपाङ्गता भएका महिला, बालबालिका तथा अन्य सीमान्तकृत समुदायका व्यक्तिहरूका विशेष आवश्यकताहरू (मेडिकल सामाग्री, सरसफाइका सामाग्री, सहायक सामाग्री आदी) लाई पनि संलग्न गरौँ।

कोरोना प्रतिकार्य सम्बन्धमा बनेका तथा अब बन्ने सबै खालका नीति तथा कानुनहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सवाल र मुद्दालाई उचित रूपमा सम्बोधन गरौँ ।

कोरोना महामारी प्रतिकार्यसम्बन्धी कुनै पनि छलफल तथा कार्यक्रम कार्यान्वयनका चरणहरूमा अपाङ्गता भएका महिला तथा व्यक्तिहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गराऔँ ।

क्वारेनटाइन अथवा आइसोलेसनमा रहेका वा सङ्क्रमित भई उपचाररत अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक पर्ने सबै सामाग्रीहरूको समयमा नै व्यवस्थापन गरौँ । भौतिक संरचनाहरूलाई पहुँचयुक्त बनाऔँ ।

अपाङ्गता भएका व्यक्तिहरूले राज्यमार्फत प्राप्त गर्ने सामाजिक सुरक्षा भत्ता घरदैलोमा नै प्राप्त गर्ने व्यवस्था मिलाऔँ ।

यो सामाग्री कोरोना भाइरस (कोभिड—१९) विरुद्धको प्रतिकार्यलाई अपाङ्गता समावेशी बनाउने उद्देश्यका साथ सरोकारवालाको सचेतनाका लागि सीबीएमसंगको साझेदारीमा नेपाल अपाङ्ग महिला संघद्वारा तयार पारिएको हो ।

cbm
together we can do more